# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १२१ | बुटवल | २०८२ बैशाख १५, गते सोमबार | नेपाल संवत ११४५ | Monday Apr. 28, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# शिक्षक-प्रहरी झडप, पत्रकारसहित २७ जना घाइते

**शिक्षक महासंघले आन्दोलनमा घुसपैठ भएको बताएको छ भने सत्ता पक्ष र प्रतिपक्षकै सांसदहरुले वार्ताबाट छिटो समाधान खोज्न आग्रह गरेका छन् ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

आन्दोलनरत शिक्षक र प्रहरीबिच नयाँबानेश्वरमा झडप भएको छ । बिजुलीबजार-नयाँबानेश्वर सडक खण्डमा भेला भएर प्रदर्शनमा उत्रिएका शिक्षकहरुलाई प्रहरीले रोक्न खोज्दा झडप भएको हो ।

शिक्षकहरुले निषेधित क्षेत्र तोड्ने प्रयास गरेपछि प्रहरीले रोक्न खोजेको थियो । सोही क्रममा तनाव बढेको हो । प्रहरीले शिक्षकहरुमाथि पानीको फोहोरा हानेर भिड तितरवितर पारेको थियो । महासंघले प्रहरीसँगको झडपमा विभिन्न जिल्लाका २६ जना शिक्षक र एकजना पत्रकार घाइते भएको बताएको छ । निषेधित क्षेत्र तोड्न खोजेका कारण झडप भएको प्रहरीले दाबी गरेको छ भने शिक्षक महासंघले भने आफ्नो आन्दोलमा घुसपैठ भएको बताएको छ ।

आन्दोलनको क्रममा घाइते पत्रकार सविना कार्कीको आँखामा चोट लागेको छ । उनको तिलगंगा आँखा अस्पतालमा उपचार भइरहेको छ । रिपोर्टिङका लागि पुगेकी पत्रकार कार्कीलाई प्रहरीले आँखामै ताकेर अश्रु ग्यास हानेको उनले बताएकी छन् । सुरुमा उनलाई बानेश्वरस्थित सिभिल अस्पताल लगिएको थियो । त्यहाँबाट चिकित्सकले ट्रमा सेन्टर रिफर गरेको थियो । तर, उनको आँखामा चोट भएपछि तिलगंगा अस्पताल लगेर उपचार भइरहेको हो ।

सुरक्षामा खटिएका एक प्रहरी अधिकारीले उनलाई बोकेरै अस्पतालतर्फ लगेका थिए । कार्की प्राइम टेलिभिजनकी पत्रकार हुन् ।

प्रत्यक्षदर्शी शिक्षक पूर्ण ब्लोनले प्रदर्शनमा घुसपैठ भएको दाबी गरे । 'हामी आफ्नो माग राखेर आन्दोलन गरिरहेका थियौं । आन्दोलनमा घुसपैठ भएको हो । एउटा समूह घेरा तोड्न खोज्यो । त्यसपछि झडप भएको हो । पानीको फोहोरा प्रहार भयो ।'- उनले भने । झडपमा केही शिक्षक घाइते पनि भएको उनले जनाए ।

शिक्षक र कर्मचारीमैत्री ऐन जारी गर्न माग गर्दै शिक्षकहरुले गत चैत २० गतेदेखि काठमाडौं केन्द्रित आन्दोलन गर्दै आएका छन् । उनीहरुले चैत २५ गतेदेखि शैक्षिक आमहड्ताल घोषणा समेत गरेका छन् । यसबिचमा शिक्षक र सरकारका प्रतिनिधिबिच सहमतिको प्रयास भए पनि सहमति जुट्न सकेको छैन ।

सरकारी शिक्षकहरुको आन्दोलन निरन्तर जारी भएकाले नयाँ शैक्षिक सत्रको भर्ना अभियान, एसईईको उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को वार्षिक परीक्षा समेत प्रभावित भएको छ । बैशाख ११ गते हुने भनिएको कक्षा १२ को परीक्षा बैशाख २१ गतेसम्मका लागि स्थगित गरिएको छ ।

**'शिक्षकका माग अविलम्ब सम्बोधन गर'**



समाचार संकलनका क्रममा प्रहरीको अश्रु ग्यासबाट आँखामा चोट लागेकी पत्रकार सविना कार्की ।

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले आन्दोलनरत शिक्षकका माग पूरा गर्न छोडेर बल प्रयोग गरी सरकारले कुशासनको उदाहरण पेश गरेको बताएका छन् ।

सरकार गम्भीर नबनेको भन्दै चिन्ता व्यक्त गरेका कोइरालाले शिक्षकका माग अविलम्ब सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । शिक्षकहरूमा सरकारले बल प्रयोग गरेको दिन आइतबार सामाजिक सञ्जालमार्फत् आफ्नो विचार सार्वजनिक गरेका नेता कोइरालाले यस्तो बताएका हुन् ।

'शिक्षा ऐन ल्याउनुपर्ने मागसहित शिक्षकहरू सडक आन्दोलनमा उत्रेको झण्डै एक महिना भयो । पठन-पाठन र सरकारी भर्ना अभियान ठप्प छ । कक्षा १२ को परीक्षा समेत सरेको छ,' उनले लेखेका छन्-'यस्तो अवस्थामा शिक्षकहरूसँग वार्ता गरी समस्या समाधान गर्नुपर्नेमा सडकमै उनीहरूमाथि प्रहरी बल प्रयोग गर्नु र पालिका लगाएर शिक्षकहरूलाई धम्क्याउनु सरकारको कुशासनको अर्को उदाहरण हो ।'

उनले एक दुई दिनमै समस्या समाधान गरेर पठनपाठन सुचारु गर्ने वातावरण बनाउन सरकारलाई आग्रह गरेका छन् ।

» *बाँकी ३ पेजमा*

# गगन थापाविरुद्ध मुद्दा दर्ता



बुटवल । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाविरुद्ध सर्वोच्च अदालतमा अवहेलना मुद्दा दर्ता भएको छ । उक्त मुद्दाको सुनुवाइ गर्न मंगलबारका लागि पेशी तोकिएको छ ।

अधिवक्ताहरू अनन्तराज लुइँटेल, अभिमा उप्रेती र विशाल थापाले महामन्त्री थापाविरुद्ध अदालतको अवहेलनामा कार्बाहीको माग राख्दै शुक्रबार सर्वोच्चमा निवेदन पेस गरेका थिए । तर उक्त दिन निवेदन दर्ता हुन सकेको थिएन । र आइतबार उक्त निवेदन दर्ता भएको हो ।

बिहीबार लोकतन्त्र दिवसको अवसरमा काठमाडौंमा आयोजित 'आजको लोकतन्त्रः अवसर र चुनौती' विषयक संवाद कार्यक्रममा महामन्त्री थापाले संवैधानिक आयोगका पदाधिकारीहरुलाई अदालतले 'तलाई हान्दिउँ' भन्दै झुलाइरहेको बताएका थिए ।

उनले भनेका थिए-'अहिले सम्मानित अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतको विषयहरुलाई दुई/तीन वर्षदेखि तलाई हान्दिउँ भनेर झुलाएर राखेको छ । कहिले हेर्दाहेर्दै भन्छ, कहिले भ्याइनभ्याइ भन्छ । कहिले भोलि हेर्ने भन्छ । आइतबार हेरुम, पख्लास् शुक्रबारसम्म भनेर अल्झाइरहेको छ । अदालतले डिल गर्यो अब त्यसको विश्वसनीयता के रहन्छ ? अनि अख्तियारले यी विषयमा मैले अनुसन्धान गरें भन्छ । अनुसन्धान गरिसकेपछि मैले फलानो फलानो व्यक्तिलाई दोषी पाएको छु । ऊ आफैंले समाचार दिन्छ । अनि आफैं कारबाही गरुँ कि नगरुँ भनेर राजनीतिक डिल गर्न थाल्छ । त्यसले अदालतको विश्वसनीयतामाथि प्रश्न गराउँछ । एउटा संवैधानिक नियुक्ति भएको विषयमा आयोगका पदाधिकारीले गरेको काम र उनीहरुको कार्यअवधी सकिन लागिसक्यो । अब त्यो ठिक थियो कि थिएन भन्ने कुरा नेपालको अदालतको लागि चाँहि चार वर्ष समय लाग्छ ?'

# 'रवीन्द्र मिश्रमाथि प्रहरीको दुर्व्यवहार'



बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रमाथि प्रहरीले अपमानजनक व्यवहार गरेको छ । आइतबार म्याद थपका लागि जिल्ला अदालत काठमाडौं लैजाने क्रममा उनलाई दुवै हातमा हत्कडी लगाइएको थियो ।

प्रहरीले थुनुवाको पोशाकमा गाडीबाट ओर्लेर हत्कडीसहित अदालत लैजाँदै गर्दा प्रहरीले उनलाई धकेलेको भिडिओ सार्वजनिक भएको छ । मिश्रले हत्कडीसहितको हात उठाएर अदालततर्फ 'नमस्कार' गर्न खोजे । तर, प्रहरीले उनको हातमै समातेर रोके ।

प्रहरीले रोक्दै गर्दा मिश्रले भनेका थिए-'अदालतलाई नमस्कार गर्नुपरेन ?'

घटनास्थलमा रहेका राप्रपा केन्द्रीय सदस्य रञ्जन कार्कीले प्रहरीबाट ज्यादतिपूर्ण व्यवहार भएको बताए ।

'राजनीतिक आन्दोलनमा सहभागी भएकै कारण एउटा प्रमुख दलको वरिष्ठ उपाध्यक्षलाई यो किसिमको व्यवहार गरिनु भर्त्सनापूर्ण छ ।'- उनले भने ।

यसअघि पनि मिश्रलाई अदालत ल्याउँदा हत्कडी लगाउने गरिएको थियो । तर, गाडीबाट ओराल्ने बेलामा हत्कडी खोल्ने गरिन्थ्यो । तर, आइतबार भने गाडीबाट ओर्लिँदा पनि हत्कडी फुकालिएको थिएन ।

# कांग्रेस सांसद राइ तीन दिन थुनामा

बुटवल । नेपाली कांग्रेसकी समानुपातिक सांसद माया राईलाई हिरासतमा राखेर अनुसन्धान गर्न अदालतले अनुमति दिएको छ ।

काठमाडौं जिल्ला प्रहरी परिसरका प्रवक्ता एसपी अपीलराज बोहराका अनुसार अदालतले ३ दिनको म्याद दिएको हो ।

स्वर्णलक्ष्मी सहकारी ठगी तथा संगठित अपराध मुद्दामा मुछिएकी उनलाई शनिबार राति प्रहरीले कपनस्थित निवासबाट पक्राउ गरेको थियो ।

# रविविरुद्ध अर्को सहकारी ठगी मुद्दाको तयारी



बुटवल । वीरगञ्जको सानो पाइला सहकारी ठगी प्रकरणको अनुसन्धान सकेर प्रहरीले फाइल सरकारी वकिल कार्यालयमा बुझाएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका एसपी गौतम मिश्रका अनुसार गत शुक्रबार अनुसन्धान फाइल सरकारी वकिलको कार्यालयमा बुझाइएको हो । कुल १ अर्ब १२ करोड ६५ लाख ५५ हजार २६ रुपैयाँ बिगो मागदाबी हुनुपर्ने रायसहितको अनुसन्धान प्रतिवेदन प्रहरीले सरकारी वकिलको कार्यालयमा बुझाएको हो ।

जसमा ३० व्यक्ति र ११ संस्था गरी ४१ जनालाई प्रतिवादी बनाउनुपर्ने सुझाव प्रहरीको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेविरुद्ध ५ करोड ७४ लाख ३० हजार ३३३ रुपैयाँ बिगो मागदाबी हुनुपर्ने राय प्रहरीले दिएको छ । लामिछाने अहिले रुपन्देहीको सुप्रिम सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि भैरहवा कारागारमा छन् ।

सोही सहकारीमा पुर्पक्षमा भैरहवा कारागारमा रहेका पूर्वडीआइजी छविलाल जोशीसँग भने ३ करोड २४ रुपैयाँ बिगो मागदाबी हुनुपर्ने प्रहरीको राय छ ।

सहकारी ठगी प्रकरणको मुख्य नाइके भनिएका फरार प्रतिवादी जीबी राईविरुद्ध भने १० करोड ८१ लाख बिगो मागदाबी हुनुपर्ने सुझाव प्रहरीको छ । थुनामै रहेका मेयर देवकुमार नेपालीसँग भने १५ करोड ५३ लाख रुपैयाँ बिगो मागदाबी हुनुपर्ने सुझाव प्रहरीको छ ।

सहकारी ठगी र संगठित अपराधको कसुरमा मुद्दा दायर गर्नुपर्ने सुझाव प्रहरीको छ । सम्पत्ति शुद्धीकरणको कसुरमा भने अनुसन्धान भइरहेको एसपी मिश्रले बताए ।

यो सहकारीका पूर्वसञ्चालक तथा संरक्षक जीबी राई हुन् । तत्कालीन वीरगञ्ज उप-महानगरपालिकाको ८, १३, १४, १८ र १९ नम्बर वडा कार्यक्षेत्र रहेको सानो पाइला सहकारीले करिब ८ सय बचतकर्ताको १ अर्ब ३५ करोड रुपैयाँ बचत जम्मा गरेको थियो ।

सहकारीले ऐन विपरीत सदस्य समेत नरहेका वीरगञ्ज बाहिरका व्यक्तिलाई ऋण दिएर रकम अपचलन गरेको आरोप छ । बचतमध्ये करिब ९२ करोड रुपैयाँ कार्यक्षेत्र बाहिर गएर लगानी गरेर अपचलन गरेको आरोप छ । यो सहकारीबाट जीबी राई सञ्चालक रहेको नेचर हब इन्टरनेसनलाई १ करोड ३७ लाख, नेचर नेष्ट प्रालिलाई १ करोड ८५ लाख र स्प्रीड वुड रियल स्टेटलाई १ करोड एक लाख कर्जा प्रवाह गरिएको छ ।

त्यस्तै, विशाल तामाङको नाममा ६ करोड ८३ लाख, छविलाल जोशीको नाममा १ करोड ८६ लाख, तीर्थराज लामिछानेको नाममा १ करोड ६ लाख, विमला पौडेलको नाममा २ करोड सात लाख कर्जा प्रवाह गरिएको खुलेको छ ।




## सम्पादकीय

# बाटो बिराएको शिक्षक आन्दोलन

नेपाल शिक्षक महासंघको अगुवाइमा भएको काठमाडौं केन्द्रित शिक्षक आन्दोलन २६औं दिन पुग्दा प्रहरीसँग झडप भएको छ । लामो समयदेखि सडकमा शान्तिपूर्ण प्रदर्शन गरिरहेका शिक्षकहरुले आइतबार निषेधाज्ञा तोड्ने प्रयास गर्दा प्रहरीसँग झडप भयो, झडपमा केही शिक्षक घाइते भएका छन् । सरकारसँगको वार्ता निष्कर्षमा पुग्न नसक्दा शिक्षक भड्केका छन्, जसले शिक्षक आन्दोलनलाई गलत बाटोमा लैजाँदैछ ।

सरकारले पटक-पटक शिक्षक महासंघसँग वार्ता गरी विगतमा सहमति गर्दै आएको छ । शिक्षक महासंघको माग विगतका सहमति कार्यान्वयन हुनुपर्छ भन्ने हो । अर्कोतिर अहिले उनीहरु शिक्षा ऐन लिएर मात्रै घर फर्किने भन्दै आएका छन् । माग राखेर आन्दोलनका विभिन्न कार्यक्रम अघि सार्नु अस्वभाविक होइन, तर लामो समयदेखि विद्यालय बन्द गरेर सडक आन्दोलनमा आउनु अशोभनीय छ । विद्यालय बन्द हुँदा सामुदायिक विद्यालयमा भर्ना रोकिएको छ । एसईईको उत्तरपुस्तिका परीक्षण रोकिएको छ । बैशाख ११ गतेदेखि हुने भनिएको कक्षा १२ को परीक्षा स्थगित भएर बैशाख २१ गतेदेखि गर्ने गरी तालिका सार्वजनिक भएको छ । परीक्षा नै रोकेर शिक्षकहरु पेशागत माग पूरा गर्न आन्दोलनमा उत्रिंदा नेपालको सार्वजनिक शिक्षाप्रतिको विश्वास र भरोसा अझैं गुम्दै जाने जोखिम बढेको छ ।

शिक्षा ऐन आउन ढिलाइ भएकै हो । शिक्षा ऐन नआउँदा समग्र शिक्षा क्षेत्रलाई लयमा हिंडाउन कठिन भएकै छ । संघीयता कार्यान्वयनका लागि पनि शिक्षा ऐन बेलैमा आउनुपर्दथ्यो । शिक्षा ऐन नआउँदा समस्या भयो, त्यसैले ऐन आएपछि मात्रै घर फर्किन्छौं भनेर भन्नु शिक्षकको अस्वभाविक हठ हो । शिक्षा ऐनको सरोकारवाला शिक्षक मात्रै नभएर धेरै पक्ष भएकाले यो ऐन छिटो बन्न समस्या भएको हो ।

विगतमा गरेका सहमति कार्यान्वयन तत्काल गर्न असंभव भएको संकेत सरकारले दिइसकेको छ । विगतमा सडकबाट फर्काउनका लागि शिक्षकसँग सहमति गर्ने तर बेवास्ता गर्ने प्रवृत्तिले अहिले समस्या भएको हो । पहिले भएका सहमतिमध्ये एउटा सहमति गर्दा माओवादी केन्द्र सरकारमा थियो । सरकारमा हुञ्जेल सहमति कार्यान्वयन गर्न बेवास्ता गर्ने माओवादी अहिले आन्दोलन अझैं चर्काउन अपील गर्दैछ । माओवादीले समस्या समाधान गर्नेभन्दा समस्या बल्झाउने दाउ खेल्दैछ । शिक्षकको पेशागत मागलाई चर्काएर राजनैतिकरण गर्नु उसको बदनियत छ । सरकारमा हुँदा एउटा र प्रतिपक्षमा पुगेपछि अर्को धारणा राख्दा राजनैतिक दलप्रति नागरिकको भरोसा र विश्वास कमजोर हुँदै जान्छ भन्ने हेक्का माओवादीलाई छैन ।

शिक्षकले ऐन नआई फर्किंदैनौं भन्ने हठ त्यागेर ऐन ल्याउन संसदमा रहेका दलहरुसँग राजनैतिक सहमति गर्नु राम्रो हुन्छ । अरु कतिपय माग सरकारले पूरा गर्ने र शिक्षा विधेयक विषयगत समितिमा छलफलमा रहेकोले टुंगो लागेपछि संसदमा पेश हुन्छ । संसदीय प्रक्रिया पूरा गरी कानुन बन्ने भएकाले ऐन ल्याएपछि फर्किन्छौं भनेर विद्यालय बन्द गर्ने बाल हठ त्यागेर सहमतिमा पुग्नुपर्छ । सरकारले पनि उनीहरुको आत्मसम्मान हुनेगरी सहमतिको खाका ल्याउन सक्नुपर्छ ।

# शिक्षकहरू तत्काल विद्यालय फर्कनु पर्छ



**बाबुराम आचार्य**

तत्काल आन्दोलनका कार्यक्रम स्थगित गरेर विद्यार्थीलाई योग्य बनाउने अभियानमा लाग्नु पर्छ । समाजलाई माथि उठाउने अभिभारा बोकेका शिक्षक आन्दोलनमा उत्रँदा सिङ्गो समाजले सकारात्मक रूपमा हेर्न सकेको छैन । अब पनि यही महिला शिक्षकको सारी पुरुष शिक्षकले लगाएर नाचिरहने हो भने बचेकुचेको नैतिकता पनि समाप्त हुनेछ । शिक्षामन्त्री रघुजी पन्तले वार्तामा बोलाउनु भएको छ ।

शिक्षामन्त्री विद्या भट्टराईले आफ्नो पदबाट राजीनामा दिएर रघुजी पन्त नयाँ शिक्षामन्त्री नियुक्त हुँदासम्म शिक्षक महासङ्घले आफ्नो आन्दोलनलाई निरन्तरता दिएको छ । काठमाडौँ केन्द्रित शिक्षक आन्दोलन २४ दिनदेखि निरन्तर जारी छ । शिक्षामा निजामती कर्मचारीसरह सेवा सुविधा दिने ग्यारेन्टी गर्नेलगायतका मागसहित शिक्षकहरू काठमाडौँ केन्द्रित आन्दोलनमा उत्रिएपछि देशभरका सार्वजनिक विद्यालय ठप्प छन् । कक्षा १२ को परीक्षा प्रत्यक्षसमेत प्रभावित भएको छ । सर्वोच्च अदालतले शिक्षकलाई तीन दिनभित्र शिक्षकलाई विद्यालय फर्काउने वातावरण बनाउन आदेश गरेको छ ।

देशभरका सरकारी विद्यालय नै बन्द भएको अवस्थामा सरकारसँग पटक-पटक वार्ता भए पनि माग पूरा नभएको भन्दै शिक्षक महासङ्घले आन्दोलन निरन्तर जारी राखेका छन् । आन्दोलन कहिलेसम्म हुन्छ, कुनै यकिन छैन । पेसामध्येको सबैभन्दा पवित्र पेसा हो शिक्षण, शिक्षण पेसा अवलम्बन गर्दा शिक्षकले विद्यार्थीलाई के पढाउने ? के सिकाउने ? कस्ता विद्यार्थी उत्पादन गर्ने ? देशमा भ्रष्टाचार बढेको बढ्यै छ, देशमा बलात्कार, अशान्ति, कुशासन, गुण्डागर्दी, बेरोजगारीले सीमा नाघेको छ । यस्तो जटिल अवस्थाबाट मुलुकलाई कसरी निकास दिने भन्ने बेलामा भएका यस्ता प्रकारका आन्दोलनले मुलुकलाई फाइदा गर्दैन ।

डाक्टर, इञ्जिनियर, वकिल, पत्रकार, राजनीतिज्ञ, कर्मचारी, प्रहरी, सेना, कूटनीतिक व्यक्तित्व, व्यवसायी, उद्योगपति, सिकर्मी, डकर्मी, किसानलगायत सबै नागरिकसँग शिक्षकको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । शिशु कक्षादेखि, प्राथमिक तथा निम्न माध्यमिक र माध्यमिकदेखि उच्च माध्यमिक तह, स्नातक, स्नातकोत्तर, एमफिल, पिएचडीसम्म लगभग सबैसँग शिक्षकको नाता जोडिएको हुन्छ । शिक्षकको नाता घर, परिवार, टोल तथा समाजसँग त स्वाभाविक रूपमा जोडिने भइहाल्यो । शिक्षक कस्तो हुनु पर्छ ? शिक्षक समाज, टोल र घर परिवारसँग सोझै किन जोडिन्छ ? यो विषयलाई मध्यनजर गरेर शिक्षकले आफ्नो भूमिका निर्वाह गर्नु पर्छ ।

नेपाली परम्परा अनुसार सामान्यतया चिकित्सक तथा शिक्षकलाई देवताका रूपमा लिने चलन छ । शिक्षकहरू आर्थिकलगायतका व्यक्तिगत र पारिवारिक स्वार्थमा रहेका कारण पछिल्लो समयमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा संलग्न रहनुभएकाको गरिमा घटेको छ । शिक्षा र स्वास्थ्य लगभग पूर्णरूपमा व्यापारीकरणको दिशामा गएका कारण यो क्षेत्रमा लाग्नेहरूलाई गुरु भन्न छाडिएको छ । आन्दोलनलाई निरन्तरता दिएर बसिरहने हो भने शिक्षकको गरिमा झन् घट्ने छ । आजका विद्यार्थीलाई भविष्यका कर्णधार मानिन्छ । यही अवस्था विद्यमान रहे के होला ? सरकारी विद्यालयको अवस्था पछिल्ला दिनमा सुध्रँदै गएको आभास भइरहेको थियो ।

आन्दोलन र शिक्षकका राजनीतिक गतिविधिले बिस्तारै नकारात्मक सन्देश प्रवाह हुन थालेको छ । यस्तो अवस्थामा अभिभावक र विद्यार्थीको ध्यान निजी विद्यालयप्रति जान सक्छ । साङ्केतिक रूपमा विरोध गरेर भए पनि विद्यालय खोल्नु पर्छ शिक्षकहरूले । कतिपय शिक्षक त निजी विद्यालय सञ्चालक पनि छन् । उनीहरूका लागि त फाइदै होला, तर सरकारी विद्यालय बन्द गरेर निजी विद्यालय पोस्ने गतिविधिमा संलग्न शिक्षकले सरकारी विद्यालयको जागिर खाने हैसियत गुमाउँछ । नत्र भर्ना र परीक्षाको समय पारेर गरिएका यस्ता प्रकारका आन्दोलनले कस्तो प्रभाव पार्छ, सरकारी विद्यालयलाई ? यसो गर्दा नेपाली विद्यार्थी अध्ययनका लागि भारत, चीन तथा विदेशतिर जाने सम्भावना बढ्दैन र ? निजी विद्यालय मात्रै होइन निजी अस्पतालसमेत बन्द गरी सरकारीकरण गर्नु पर्छ भन्ने मान्यता राख्छ पङ्क्तिकार । शिक्षकहरू अलिकति भए पनि राष्ट्रवादी भएर प्रस्तुत हुनुस्, पार्टीको स्वार्थमा होइन, स्वतन्त्र नागरिक बन्ने हैसियत राख्नुस् ।

सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीको गुणस्तर निजीको तुलनामा त्यसै पनि कमै छ । यस्तो अवस्थामा आन्दोलन गर्दा सरकारी शिक्षा तहसनहस हुन्छ । शिक्षकहरू नैतिकताको पाठ पढाउने मुहान हुन्, उनीहरू धनभन्दा विद्या ठूलो भनेर विद्यार्थीलाई नैतिकताको पाठ पढाउँछन् । समाजका जिम्मेवार वर्ग हुन् । समाज गलत बाटोमा हिँड्न लागेको देखियो भने सही बाटोमा हिँडाउन प्रयत्न गर्ने सबैभन्दा ठुलो शक्ति हो, शिक्षक वर्ग । यस्तो वर्ग नै आन्दोलनमा लाग्ने हो भने संसारभर कस्तो सन्देश प्रवाह होला ?

शिक्षकले राजनीति गर्नै हुन्न । कुनै पनि राजनीतिक दलको सदस्यता लिनै हुन्न । शिक्षकले आफू सरकारी विद्यालयमा अध्यापन गराउने हुँदा आफ्ना छोराछोरी तथा परिवारका सदस्यलाई अनिवार्य रूपमा सरकारी स्कुलमै पढाउनु पर्छ । शिक्षकले व्यापार व्यवसायमा जोडिन मिल्दैन । शिक्षक नागरिक समाजको अगुवा पनि भएकाले स्वतन्त्र बसेर समाजमा भएका गलत क्रियाकलापलाई हटाउने प्रयासमा लाग्नु शिक्षकको दायित्व हुन्छ । कुनै पनि स्वार्थमा लागेपछि तटस्थ भएर समाजका लागि लाग्न सक्ने अवस्था आउँदैन, त्यही कारण शिक्षक तटस्थ बस्नु पर्छ भनिएको हो ।

रुपियाँ, पैसा, धन दौलत र प्रतिष्ठाका लागि भन्दा पनि नितान्त भविष्यका कर्णधार उत्पादनतिर लाग्नुपर्ने दायित्व भए पनि शिक्षक पछिल्लो समयमा स्वार्थले ओतप्रोत पूर्ण भए । समाजका लागि काम गर्न सकेनन् भन्ने पुष्टि हुने चरणमा छन् । शिक्षकले पढाएका विद्यार्थीमध्ये कतिपय भ्रष्टाचारी बनेर देश चुसिरहेका छन् । कतिपय स्वदेशमा रोजगारी नपाएर खाडी मुलुकको ५० डिग्री तापक्रममा काम गर्न विवश छन् । तिनीहरूले नै पठाएको पैसामा यहाँ भ्रष्टाचारीको रजाइँ छ । यस्तो अवस्थामा 'शिक्षकहरूले मन्त्री कसले बनायो ? हामी जस्ता शिक्षकले ।' 'मन्त्री कसले खुस्काउँछ ? हामी जस्ता शिक्षकले' भन्ने प्रकारका राजनीतिक नारा दिएर भाइरल हुँदै इज्जत र प्रतिष्ठा समाप्त पार्ने बाटोमा क्रियाशील छन् उनै शिक्षक । शिक्षकले तत्काल असली शिक्षक हुन आन्दोलन रोकेर, सरकारसँग हारेको अवस्था भए पनि तत्काल विद्यार्थीमाझ पुग्नु पर्छ । शिक्षकले सरकार वा कसैसँग हारेर केही बिग्रँदैन, नैतिक मान्छेले देशलाई जिताउने हो, परिवार र आफूभन्दा समाजलाई केन्द्रविन्दुमा राखेर काम गर्ने हो । धेरै नै अन्याय परेको हो भने शिक्षकलाई दिइँदै आएका सेवा सुविधा बढाउन सरकारले कन्जुस्याइँ गर्नु हुन्न ।

शिक्षकलाई दोस्रो दर्जाको कर्मचारी मान्नु हुन्न । निजामती कर्मचारीसरह सेवासुविधा दिनु पर्छ । तत्काल आन्दोलनका कार्यक्रम स्थगित गरेर विद्यार्थीलाई योग्य बनाउने अभियानमा लाग्नु पर्छ । समाजलाई माथि उठाउने अभिभारा बोकेका शिक्षक आन्दोलनमा उत्रँदा सिङ्गो समाजले सकारात्मक रूपमा हेर्न सकेको छैन । अब पनि यही महिला शिक्षकको सारी पुरुष शिक्षकले लगाएर नाचिरहने हो भने बचेकुचेको नैतिकता पनि समाप्त हुने छ । शिक्षामन्त्री रघुजी पन्तले वार्तामा बोलाउनुभएको छ । बिनासर्त आफ्ना माग राखेर सम्बोधन हुने आशा बोकेर फर्कनु पर्छ । सरकारले पनि त्यसलाई हल्का रूपमा लिने होइन, समाजका ऐनामा फोहोर लाग्यो भने त्यसको भार राज्यले पनि बोक्नु पर्छ । गोपबाट

# नेप्से परिसूचकमा सामान्य सुधार



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आइतबार सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक तीन दशमलव ५८ अङ्कले बढेर दुई हजार छ सय ६१ दशमलव ६० को बिन्दुमा कायम भएको हो ।

तीन सय १४ कम्पनीको दुई करोड ८४ लाख ३८ हजार चार सय २८ कित्ता शेयर ८९ हजार एक सय ६१ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ८७ करोड ५९ लाख ९१ हजार बराबरको कारोबार भएको छ । आजको कारोबारमा होटल तथा पर्यटन समूह शून्य दशमलव ३८, जलविद्युत् एक दशमलव शून्य छ, लगानी एक दशमलव ७७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४१, म्युचुअल फण्ड शून्य दशमलव २४ र व्यापार समूहको उपसूचक एक दशमलव १८ प्रतिशतले बढेको छ । अरु सबै समूहका उपसूचक घटेका छन् ।

बैंकिङ शून्य दशमलव ३९, विकास बैंक शून्य दशमलव शन्य दुई, वित्त एक दशमलव शून्य पाँच, जीवन बिमा शून्य दशमलव ११, लघुवित्त शून्य दशमलव ९४, निर्जीवन बिमा शून्य दशमलव ३३ र अन्य समूहको उपसूचक शून्य दशमलव ५७ प्रतिशतले घटेको छ । नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य रु ८६ करोड १७ लाख ३८ हजार बराबर खरिदबिक्री भएको छ ।


# Jhimruk Rural municipality

## Office of the Rural Municipal Executive

Bhyagute, Pyuthan

Lumbini, Province, Nepal

# Invitation for Bids

Date of Publication: 2082/01/15 (AD 2025/04/28)

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Procurement of Sanitary Pad. Under SQ procedures.

| S.N. | Contract ID No | Description of Work | Estimated Amount | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1 | JRM/SQ/GOODS/10/ 2081/082 | Procurement of Sanitary Pad | NRs: 17,29,945.00 (Excluding VAT) | NRs: 45,000.00 | NRs: 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile number 9857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpo, before 12:00 Hours on 2082/01/30 (AD: 2025/05/13). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2082/01/30 (AD: 2025/05/13) 14:00 at the office of Jhimruk Rural Municipality
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**

# बोर्डिङ्बाट पुस्तक बिक्री नगर्न व्यवसायीको माग

नवलपरासी । नवलपरासी पश्चिमका निजि विद्यालयहरुले नयाँ शैक्षिक सत्र सुरु भएपछि विद्यार्थी भर्नासँगै किताबको बिक्री समेत विद्यालयबाटै सुरु गरेका छन् । जिल्लाका केही विद्यालयहरुले किताब प्रकाशकसँग मोटो कमिसन लिएर विद्यालयवाटै किताब बिक्री गरिरहेका छन् । जिल्लाको बर्दघाट नगरपालिकामा रहेका केही विद्यालयले विद्यार्थी भर्नासंगै किताब बिक्री गरेको अभिभावहरुले बताएका छन् ।

कक्षा १ का लागि १ हजार ६ सय ९९ रुपैयाँ, कक्षा २ का लागि २ हजार ६६ रुपैयाँ र कक्षा ३ का लागि २ हजार ७ सय २३ रुपैयाँ लिने गरेको अभिभावकले बताएका छन् । विद्यालयहरुले विभिन्न प्रकासनका किताब भएको भए पनि विद्यालयहरुमा एउटै सप्लार्यसले ५० प्रतिशत कमिसन दिएर विद्यालयलाई बिक्री गरेको छ ।

शिक्षा प्रदान गर्ने विद्यालयले किताबको व्यापार थालेपछि बर्दघाट क्षेत्रका पुस्तक व्यवसायीहरु मर्कामा परेको व्यवसायीले गुनासो गरेका छन् । उनीहरुले विद्यालयमा पुस्तकको व्यापार तत्काल रोक्न माग गर्दै नरोके आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिएका छन् । विद्यालयबाट किताब खरिद गर्न नचाहने अभिवाभकलाई विद्यालयबाटै किताब खरिद गर्नु पर्ने दबाब विद्यालयले दिने गरेको एक अभिवाभकले गुनासो गरेका छन् । विद्यायलबाट किताब बिक्री गरिरहेको विषयमा प्याब्सन नवलपरासीका अध्यक्ष डम्बर गुरुङले प्याप्सनले कुनै पनि प्रकासनका कितावं विद्यालयमा लगाउने भनी निर्णय नगरेको र विद्यालयबाट पुस्तक बिक्री गर्नु गलत भएको बताए । गुणस्तरीय शिक्षा प्रदान गर्नु पर्ने विद्यालयहरुले पुस्तकको व्यापार थालेपछि शिक्षाको स्तर कस्तो हुने हो अभिवाभकहरुले प्रश्न गरेका छन् ।

# भेरी अस्पतालमा भएको आगलागीबाट चार करोडको क्षति

नेपालगञ्ज । बाँकेको नेपालगञ्जस्थित भेरी अस्पतालको मेडिकल स्टोरमा शनिबार भएको आगलागीबाट रु चार करोड बराबरको क्षति भएको अनुमान गरिएको छ ।

मेडिकल स्टोरभित्र राखिएको फ्रिजमा विद्युत् सर्ट सर्किट भई आगलागी हुँदा यहाँ रहेका औषधि, उपकरण, कम्प्युटरलगायत सामग्री जलेर नष्ट भएका अस्पतालका मेडिकल सुपरिटेण्ड डा. निराजन सुवेदीले जानकारी दिए ।

उनका अनुसार सो घटनाको छानबिनका सन्दर्भमा अस्पताल विकास समितिका अध्यक्ष वीरेन्द्र शाहको अध्यक्षतामा बसेको बैठकले अस्पताल विकास समितिका सदस्य डा. डक्ट धितालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ ।

समितिले चार दिनभित्र प्रतिवेदन बुझाउने छ । आगलागीका कारण दुई दिनसम्म भेरी अस्पतालको बहिरङ्ग (ओपिडी) सेवा बन्द गरिएको अस्पतालका मेसु डा. सुवेदीले बताए । आगालागी भएको मेडिकल स्टोर र ओपोडी सेवा एउटै भवनमा रहेकाले पनि काम गर्न असहज हुने देखिएपछि ओपीडी सेवा बन्द गरिएको उनले उल्लेख गरे ।

अस्पतालमा प्रयोग हुने सबै प्रकारका औषधिसँगै उपकरण र प्रयोगशालामा प्रयोग हुने महँगो मूल्य पर्ने भ्याक्सिनलगायत सबै जलेर नष्ट भएकाले पनि ओपिडी सेवा प्रभावित भएको सुवेदीले बताए । उनका अनुसार आगलागीबाट केही कोठाका फर्निचर र कागजपत्रहरू पनि जलेर नष्ट भएका छन्

शनिबार आगलागी भएकाले मेडिकल स्टोरभित्र कर्मचारी र बाहिर बिरामी तथा अन्य मानिसहरू नरहेकाले मानवीय क्षति हुन नसके पनि भौतिक क्षति भने भएको अस्पतालले जनाएको छ ।

मेडिकल स्टोरमा आगलागी भएलगत्तै तत्काल दमकल र प्रहरीलाई खबर गरिएकाले दमकल, अस्पतालका कर्मचारी र सुरक्षाकर्मीको सहयोगमा आगो नियन्त्रणमा लिइएको अस्पतालका सूचना अधिकारी डा. सङ्केत रिसालले जानकारी दिए । उनका अनुसार आगलागीबाट मेडिकल स्टोरमा रहेका अधिकांश औषधि जलेर नष्ट भएका छन् ।

आगलागीको कारण विद्युत् सर्ट भएको हुनसक्ने अनुमान गरिए पनि घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । आगलागी नियन्त्रण गर्न करिब दुई घण्टा लागेको थियो ।

## शिक्षक...

**'प्रतिपक्षी दलले उत्तेजित बनाए'**

नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले प्रतिपक्षी दलले शिक्षकहरूलाई अनावश्यक उत्तेजित गर्ने काम गरेको आरोप लगाएका छन् । आइतबार संसद भवन नयाँ बानेश्वरमा सञ्चारकर्मीसँग कुरा गर्दै बर्तौलाले शिक्षकहरूको आन्दोलनलाई गलत दिशातर्फ लैजानेगरी प्रतिपक्षीले अनावश्यक उत्तेजित गर्ने काम गरिरहेको जिकिर गरे ।

'प्रचण्ड सरकारमा हुँदा शिक्षकहरूसँग भएको सहमति कार्यान्वयन नहुँदा अहिलेको अवस्था आयो ।'–उनले भने ।

बर्तौलाले जायज मागलाई सरकारले सम्बोधन गर्ने भन्दै विद्यालय फर्कन शिक्षकहरूलाई अपिल गरे । बानेश्वरमा आइतबार भएको झडप दुःखद भएकाले आगामी दिनमा यस्तो घटना दोहरिन नदिन शिक्षकहरू पनि गम्भीर हुनुपर्ने उनको भनाइ छ ।

सरकार र सांसदहरूलाई अनावश्यक दबाब दिएर कानुन बनायौं भन्ने जितको मनोबल बनाउने प्रयास त्याग्न शिक्षकहरूलाई उनको सुझाव छ ।

**'शिक्षकहरूमाथि दमन निरंकुशता'**

नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले शिक्षकहरूमाथि दमन गरेर सरकारले निरंकुश प्रवृत्ति देखाएको आरोप लगाएका छन् ।

आइतबार संसद् भवन नयाँ बानेश्वरमा सञ्चारकर्मीसंग कुरा गर्दै दाहालले लामो समयदेखि आन्दोलनरत शिक्षकहरुको माग अनुसार ऐन बनाउन तदारुपता देखाउनुपर्नेमा शिक्षकहरुमाथि दमन गरेर सरकारले निरंकुश प्रवृत्ति देखाएको आरोप लगाएका हुन् ।

'नेपाल शिक्षक महासंघको नेतृत्वमा हजारौं शिक्षक सडकमा छन् । उल्टो शिक्षकमाथि निर्मम दमन गरिएको छ । त्यो दमनको म भर्त्सना गर्न चाहन्छु ।'– सांसद दाहालले भने ।

उनले विभिन्न माग लिएर सडकमा आउनुपर्ने बाध्यता सरकारको लापरवाहीका कारण भएको जिकिर गरे ।

**'राज्य शक्तिको दुरुपयोग'**

नेकपा एकीकृत समाजवादीले शिक्षक आन्दोलनमाथि सरकारले दमन गरेको भन्दै भत्सर्ना गरेको छ । आइतबार बसेको एकीकृत समाजवादीको सचिवालय बैठकले सरकारले राज्य शक्तिको दुरुपयोग गरेर शिक्षक आन्दोलन दबाउने कोसिस गरेको आरोप लगाएको छ ।

'शिक्षक महासंघसँथ वार्ता गरेर शिक्षक आन्दोलनका माग र मुद्दाहरू सम्बोधन गर्ने र विद्यार्थीहरूको पठनपाठन सुचारु गर्नु पर्नेमा सरकार आन्दोलनप्रति उदासिन मात्र होइन आक्रामक बनिरहेको छ र आन्दोलन असफल बनाउने षड्यन्त्र गरिरहेको छ,' बैठकपछि जारी वक्तव्यमा भनिएको छ–'त्यतिमात्र होइन सरकारले राज्य शक्तिको दुरुपयोग गरेर शिक्षकहरूको शान्तिपूर्ण प्रदर्शनमा दमन गर्ने, लाठीचार्ज गर्ने र आन्दोलनरत दर्जनौ शिक्षकहरूलाई घाइते बनाउने निरंकुश र गैर जिम्मेवार काम गरेको छ ।'

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१। १२।०९ गते योगिकुटीदेखि ट्राफिकचोक जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम :** प्रकाश पाण्डे
**ठेगाना :** बुटवल, रुपन्देही
**बिमालेख नं. :** १५००५६९७९
**सम्पर्क :** ९८६७२०३७६१

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१।१२।०९ गते परासीदेखि बुटवल जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम :** कमलादेवि गौरे (सार्की)
**ठेगाना :** रामग्राम न.पा.-५, नवलपरासी
**बिमालेख नं. :** १५००२९९०३
**सम्पर्क :** ९८४७१२७२३८

ग्रामीण वाल्मिकी

## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को

## सहकारीमा धितो राखेको अचल सम्पतिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

**( प्रकाशित मिति २०८२/०१/१५ गतेको लुम्बिनी राष्ट्रिय दैनिक पत्रिका )**

यस ग्रामीण बाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.बाट तपाई तपशिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋणको यस सहकारी संस्था संग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा , व्याज , हर्जाना तथा अन्य दै दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक , तरताकेता गरिएको एवम मिति २०८१।१२।०७ गते राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नतर्फ पूर्ण वेवास्ता गरी कर्जा चुक्ता गर्ने तर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । ऋणीले यस सहकारी संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको सम्पति जहा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी सहकारी संस्था को नियमनानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा उल्लेखित बमोजिमको मिति,समय र स्थानमा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले सो सम्पती खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी , धितो जमानीकर्ता, इच्छुक खरिदकर्ता /बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि तथा सम्बद्ध सबैमा अनुरोध छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम विक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरि बेचबिखन गर्न सक्नेछ वा प्रचलित कानुन बमोजिम यस सहकारी संस्थाले सकार गरी लिन सक्ने र उक्त सम्पतिबाट यस सहकारी संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
**२०८२/०१/३० बेलुका ४ बजे**
**स्थान : संस्थाको केन्द्रिय कार्यलय,**
**बर्दघाट-७ , जिमिरेभार नवलपरासी ब.सु.प**

**बोलपत्र खोलिने मिति**
**२०८२/०१/३१ बेलुका ४ बजे**
**स्थान : संस्थाको केन्द्रिय कार्यलय,**
**बर्दघाट-७ , जिमिरेभार नवलपरासी ब.सु.प**

**तपसिल**

| क.सं. | ऋणीको विवरण | धनजमानी दिने व्यक्तिको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | नाम : सृष्टि गुरुङ<br>पतिको नाम : राज गुरुङ्ग<br>ससुराको नाम : गणेश बहादुर गुरुङ्ग<br>ठेगाना : बर्दघाट-१४, शुक्रवस्ती, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ६७३०२<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५९/१२/०२ | नाम : राज गुरुङ्ग<br>बाबुको नाम : गणेश बहादुर गुरुङ्ग<br>बाजेको नाम : टिका गुरुङ्ग<br>ठेगाना बर्दघाट-१४, शुक्रवस्ती , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ५३३२०<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५६/१२/२३ | सृष्टि गुरुङ को नाममा मालपोत कार्यालय नवलपरासी मा दर्ता रहेको साविक दाउन्नेदेवी वडा नं./ नक्सा सिट नं. ८ ख कित्ता नं. ३६४ को क्षेत्रफल ०-०-११-१ विगाहा को जग्गा, सो जग्गा मा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २ | नाम : श्री किसुन चौधरी<br>बाबुको नाम : रुप नारायण चौधरी<br>बाजेको नाम : दल सिङ्गार<br>ठेगाना : बर्दघाट-१, माकर, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ७७६९५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६१/१२/१५ | नाम : माया चौधरी<br>पतिको नाम : श्री किसुन चौधरी<br>ससुराको नाम : रुप नारायण चौधरी<br>ठेगाना : बर्दघाट-१, माकर, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :३७१००२/२६९०५<br>जि.प्र.का. :रुपन्देही<br>जारी मिति : २०६६/०८/२२ | श्री किसुन चौधरी को नाममा मालपोत कार्यालय नवलपरासी मा दर्ता रहेको साविक माकर वडा नं./ नक्सा सिट नं. ७ घ कित्ता नं. २८१ को क्षेत्रफल ०-०-७-० विगाहा को जग्गा र साविक जहदा वडा नं./ नक्सा सिट नं. ९ क कित्ता नं. ७४६ को क्षेत्रफल ०-०-१५-० विगाहा को जग्गा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३ | नाम : विरेन्द्र कुमार थारु<br>बाबुको नाम : चतुरी थारु<br>बाजेको नाम : बालपुरी थारु<br>ठेगाना : बर्दघाट-१०, अमरदिप टोल, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :११३६६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०४९/०५/०३ | नाम : बनौती कुमारी महतो थारु<br>पतिको नाम : विरेन्द्र कुमार थारु<br>ससुराको नाम : चतुरी थारु<br>ठेगाना : बर्दघाट-१०, अमरदिप टोल, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :१४९५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति २०५५/०८/११ | चतुरी थारु को नाममा मालपोत कार्यालय नवलपरासी मा दर्ता रहेको साविक तिलकपुर वडा नं./ नक्सा सिट नं. ८ कित्ता नं. ५८५ र ५९१ को क्रमश क्षेत्रफल ०-२-४-० विगाहा र ०-०-१३-० विगाहा को जग्गा , सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यवहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफनो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनिलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम विक्री गरी वा यस सहकारी संस्था आफैले सकार गर्दा समेत साविक यस सहकारी संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्रि भएमा वा सहकारी संस्थाले आफैले सकार गरिलिएमा पछि मेरो /हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम विक्री भयो वा सहकारी आफैले सकार गरिलियो भनी कही कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन साथै धितो लिलाम विक्री सम्बन्धी अन्य सर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन ।

ग्रामीण वाल्मिकी

## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को

## सहकारीमा धितो राखेको अचल सम्पतिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**( प्रकाशित मिति २०८२/०१/१५ गतेको लुम्बिनी राष्ट्रिय दैनिक पत्रिका )**

यस ग्रामीण बाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.बाट तपाई तपशिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋणको यस सहकारी संस्था संग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा , व्याज , हर्जाना तथा अन्य दै दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवम् मिति २०८१।०८।१५ गते र २०८१।१२।०८ गते राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा सुचना प्रकाशित गर्दा समेत ऋणको साँवा, व्याज, हर्जाना तथा अन्य दस्तुर नतिरी नबुझाई सहकारी संस्था संग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लघंन गर्नु भएकोले सहकारी संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको सम्पति जहा जे जस्तो अवस्थामा छ , सोही अवस्थामा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी सहकारी संस्था को नियमनानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ती तथा संस्थाहरुले सहकारी संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी यो सुचना प्रकाशित भएको मितिले ३५ ( पैतिस ) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ३६ ( छत्तिसौ ) दिन (बोलपत्र बुझाउने अन्तिम दिन /खोल्ने दिन बिदा परेमा बिदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउने /खोलिने हुँदा) तपशिलमा उल्लिखित मिति , समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता /बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि, ऋणी , धितो जमानी दिने तथा सम्बद्ध सबैलाई सुचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम विक्रि नभएमा सो सम्पति अन्य व्यवस्था गरि बेचबिखन गर्न सक्नेछ वा प्रचलित कानुन बमोजिम यस सहकारी संस्थाले सकार गरि लिन सक्ने र उक्त सम्पतिबाट यस सहकारी संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम असुल उपर गर्न आवश्यक कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
**२०८२/०२/१९ बेलुका ४ बजे**
**स्थान : संस्थाको केन्द्रिय कार्यलय,**
**बर्दघाट-७ , जिमिरेभार नवलपरासी ब.सु.प**

**बोलपत्र खोलिने मिति**
**२०८२/०२/२० बेलुका ४ बजे**
**स्थान : संस्थाको केन्द्रिय कार्यलय,**
**बर्दघाट-७ , जिमिरेभार नवलपरासी**

**तपसिल**

| क.स | ऋणीको विवरण | धनजमानी दिने व्यक्तिको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | नाम : रेखा न्यौपाने<br>पतिको नाम : ददिराम न्यौपाने<br>ससुराको नाम : पुरुषोत्तम न्यौपाने<br>ठेगाना : बर्दघाट-७, जिमिरेभार , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ४७९६५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५५/०८/१४ | नाम : ददिराम न्यौपाने<br>बाबुको नाम : पुरुषोत्तम न्यौपाने<br>बाजेको नाम : भविलाल न्यौपाने<br>ठेगाना : बर्दघाट-७, जिमिरेभार, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ४७५८०<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५५/०७/२९ | रेखा न्यौपानेको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं./ नक्सा सिट नं. ७ ङ कित्ता नं. ८३९ को क्षेत्रफल ०-०-१०-० विगाहाको जग्गा , सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २ | नाम : पोमिल लामिछाने<br>बाबुको नाम : लिला लामिछाने<br>बाजेको नाम : दिना नाथ लामिछाने<br>ठेगाना : बर्दघाट-१०, ध्रुवटोल , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ७७७७२<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६१/१२/१६ | नाम : शान्ता भुजेल लामिछाने<br>पतिको नाम : पोमिल लामिछाने<br>ससुराको नाम : लिला लामिछाने<br>ठेगाना : बर्दघाट-१०, ध्रुवटोल, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३६१०५८/३४४<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६६/१२/२२ | शान्ता भुजेल लामिछाने को नाममा मालपोत कार्यालय नवलपरासी मा दर्ता रहेको साविक तिलकपुर वडा नं./ नक्सा सिट नं. ३ ग कित्ता नं. १३७८ र १३८२ को क्षेत्रफल क्रमश ०-०-११-२ विगाहा र ०-०-११-२ विगाहाको जग्गा, सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| ३ | नामः धनमाया ढकाल<br>पतिको नाम : चन्द्रकान्त ढकाल<br>ससुराको नाम : सदाखर ढकाल<br>ठेगाना : बर्दघाट-९, सुनटाडी , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ८८२३<br>जि.प्र.का. : रुपन्देही<br>जारी मिति : २०५६/१०/०५ | नाम : चन्द्रकान्त ढकाल<br>बाबुको नाम : सदाखर ढकाल<br>बाजेको नाम : तिलकराम ढकाल<br>ठेगाना : बर्दघाट-९, सुनटाडी , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : २३६८<br>जि.प्र.का. :स्याङजा<br>जारी मिति : २०४४/०९/१० | धनमाया ढकाल को नाममा मालपोत कार्यालय नवलपरासी मा दर्ता रहेको साविक जहदा वडा नं./ नक्सा सिट नं. ४ ख कित्ता नं. ४७८ को क्षेत्रफल ०-४-१४-० विगाहाको जग्गा , सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४ | नामः लक्ष्मी भट्टराई<br>पतिको नाम : विष्णु प्रसाद भट्टराई<br>ससुराको नाम : हिमलाल भट्टराई<br>ठेगाना : बर्दघाट-१४, गंगावस्ती, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ८५००८<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६२/०९/२६ | नाम : विष्णु प्रसाद भट्टराई<br>बाबुको नाम : हिमलाल भट्टराई<br>बाजेको नाम : नदिश्वर भट्टराई<br>ठेगाना : बर्दघाट-१४, गंगावस्ती, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ६०८०६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५८/०८/२० | लक्ष्मी भट्टराई को नाममा मालपोत कार्यालय नवलपरासी मा दर्ता रहेको साविक माकर वडा नं./ नक्सा सिट नं. ७ च कित्ता नं. ८० को क्षेत्रफल ०-२-०-० विगाहाको जग्गा , सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यवहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम विक्री गरी वा यस सहकारी संस्था आफैले सकार गर्दा समेत साविक यस सहकारी संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा सहकारी संस्थाले आफैले सकार गरिलिएमा पछि मेरो /हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम विक्री भयो वा सहकारी आफैले सकार गरिलियो भनी कही कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन साथै धितो लिलाम बिक्री सम्बन्धी अन्य सर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् ।

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# सबै नागरिकमा बैंकको पहुँच छैन : मुख्यमन्त्री




**लुम्बिनी संवाददाता**

*भैरहवा*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सबै जनतामा बैंकको पहुँच नपुगेको बताएका छन्। नेपाल राष्ट्र बैंक प्रादेशिक कार्यालय सिद्धार्थनगरको ७०औं वार्षिकोत्सवको अवसरमा बोल्दै आचार्यले अहिले पनि बैंकको पहुँचमा आमजनता पुग्न नसकेकोले त्यसतर्फ बैंकको ध्यानाकर्षण हुनपर्ने बताए।

व्यवसायी हरुको गुनासो वित्तीय संस्थाहरुबाट ऋण लिँदा एउटा व्याज र तिर्दा व्याज बढेको जानकारी ऋणीलाई नहुने हुँदा चुक्ता गर्ने बेलामा मात्रै सूचना पाउने अवस्था रहेकोले यसलाई कडाइ पूर्वक नियमन गर्न जरुरी रहेको मुख्यमन्त्री आचार्यले बताए।

वित्तीय अनुशासन कायम गर्न राष्ट्र बैंकको ठूलो भूमिका र अनुगमन बढाउन जरुरी रहेको उनले बताए।

वित्तीय अनुशासन कायम राख्न सकिएन भने मुलुकको विकास र समृद्धि नहुने भएका कारण त्यता पनि ध्यान दिन बैंकलाई आग्रह गरे। वित्तीय क्षेत्रसँग समन्वय र सहकार्य गरेर अगाडि बढ्न प्रदेश सरकार खोजे पनि अपेक्षाकृत हुन नसको उनले गुनासो गरे। बैंकहरुको नाफाको निश्चित प्रतिशत सामाजिक उत्तरदायित्वको काममा लगाउने ऐनमै व्यवस्था भए पनि स्थानीय र प्रदेश सरकारसँग सही ढंगले कार्यान्वयन भएको छ कि छैन भनि सबै वित्तिय संस्थाहरु समीक्षा गर्न उनले आग्रह गरे।

कार्यक्रममा बोल्दै प्रदेश सरकारका मुख्य सचिव बाबुराम अधिकारीले वित्तिय पहुँच नभएका साधारण कृषक, साना व्यवसायी तथा उद्यमीहरुका लागि केही विचार गर्नुपर्ने बताए। राष्ट्रबैकसँग प्रदेश सरकार छलफलका लागि तयारी गरेको भन्दै उनले समन्वय र सहकार्य हुनुपर्ने बताए। विना तथ्याङ्कको नीति निर्माणले ठीक ठाउँमा नपुऱ्याउने भएकोले भरपर्दो तथ्याङ्कको आवश्यकता रहेको उनले बताए।

कार्यक्रममा बोल्दै सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले व्यवसायीहरुको हकहितमा रहेर राष्ट्र बैंकले नीति बनाउनु पर्ने बताए। आर्थिक मन्दीको बेला जग्गाको कारोबार खोल्न सके आर्थिक चलायमान हुने उनले जनाए। उनले व्यवसायीहरुको चाहना बैंक डुबोस् भन्ने नभएकोले आर्थिक संकटको बेला बैंकहरुले सहज वातावरण बनाइ साथ र सहयोग गर्नुपर्ने बताए।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यले राष्ट्र बैंकको अस्थिर नीतिले निजी क्षेत्रलाई अफ्ठ्यारो गराएको बताए। उनले बैंकले अन्धाधुन्ध अनुउत्पादक क्षेत्रमा लगानी गर्दा आर्थिक संकट निम्तिने हुँदा धितोको धेरै मूल्याङ्कन गरी लगानी गर्ने र लिलाममा निकै कम मूल्य राख्दा व्यवसायीमा त्रास पैदा हुने गरेको उल्लेख गरे।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरे, राष्ट्र बैंक प्रादेशिक कार्यालय सिद्धार्थनगरका निर्देशक रमेश आचार्य, सहायक निर्देश जीवन प्रकाश पाण्डे, कर्मचारी संघ सिद्धार्थनगका अध्यक्ष पदमराज भुसाल, नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष दीपक गौतम, पूर्व कर्मचारी संघ इकाई सिद्धार्थनगरका कृष्णप्रसाद शर्मा, नेपाल बैंकर एशोसिएशन लुम्बिनी प्रदेशका अध्यक्ष अर्जुनबहादुर कंडेललगायतले आ-आफ्ना धारणा राखेका थिए।

# जन्म दिनमा लुम्बिनी केबलकारको यात्रा निःशुल्क




बुटवल। बुटवलको लुम्बिनी केबलकार लि.ले जन्म दिनमा केवलकार यात्रा गर्न चाहनेलाई दुईतर्फी टिकट निःशुल्क दिने भएको छ।

केबलकारको यात्रा प्रवर्धनका लागि विभिन्न अफर र योजना ल्याउँदै आएको कम्पनीले यही बैशाख १५ गतेदेखि लागू हुने गरी नयाँ अफर ल्याएको हो।

जन्मदिनको अवसरमा केबलकारमार्फत् टप स्टेशनमा रहेको कामाख्यादेवी मन्दिर दर्शन र आशिर्वाद ग्रहणका लागि सर्वसाधारणलाई सहज होस् भनेर यो अफर ल्याइएको कम्पनीका म्यानेजर प्रज्ज्वल घिमिरेले बताए। 'आम सर्वसाधारण नागरिकले आफ्नो जन्म दिन नयाँ पर्यटकीय गन्तव्य एवं प्रख्यात शक्तिपीठमा माता कामाख्याको आशिर्वाद लिँदै खुशी साथ मनाउन पाउन् भनेर यो अफर ल्याएका हौं,' केबलकारका म्यानेजर घिमिरेले भने-'हाल यो अफर जुनसुकै ठाउँका नेपाली नागरिकका लागि मात्र हो।'

जन्मोत्सव मनाउन केबलकार जाने यात्रुहरुले जन्म मिति खुल्ने आधिकारिक सरकारी कागजात अनिवार्यरुपमा देखाउनुपर्ने कम्पनीले जनाएको छ।

जन्म दिन परेका व्यक्ति कामाख्या मन्दिर पुगिसकेपछि वैदिक विधिपूर्वक अष्टचिरञ्जिवी पूजा गरिदिने व्यवस्था समेत गरिएको कामाख्या धामका मूल पुजारी सुरेश पौडेलले बताए। अष्टचिरञ्जिवी पूजा गर्नाले शरीर निरोगी एवं दीर्घायू हुने धार्मिक विश्वास रहेको छ।

परिवार एवं साथीहरुसँग जन्मोत्सव मनाउन बसन्तपुर पुग्नेहरुका लागि आवश्यक सुविधाहरु त्यहाँ सञ्चालित रेष्टुरेण्टमा उपलब्ध रहेको कम्पनीले जनाएको छ। यो अफरले आफ्नो जन्मदिनमा निःशुल्क केबलकार यात्रा तथा प्रख्यात शक्तिपीठ कामाख्या मन्दिरमा दर्शन र अष्टचिरञ्जिवी पूजाको सुविधा लिने सर्वसाधारण, तथा पर्यटकको आगमन वृद्धि हुने कम्पनीले विश्वास लिएको छ।

अष्ट्रियाको विश्वविख्यात डुपलमायर कम्पनीको अत्याधुनिक प्रविधिबाट सञ्चालित लुम्बिनी केबलकार प्रदेशको पहिलो केबलकार हो। केबलकारको माथिल्लो स्टेशन बसन्तपुर समुन्द्री सतहबाट करिब एक हजार मिटर उचाइमा छ। त्यहाँ तराईको भन्दा ८ देखि १० डिग्री सेल्सियससम्म तापक्रम कम हुने भएकाले गर्मी मौसममा शीतल र चीसो हुनुका साथै धुंवाधुलोको प्रदूषणमुक्त स्वच्छ वातावरणमा रमाउन सकिने केबलकारका अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूले बताए।

बसन्तपुरमा स्तरीय रेष्टुरेण्ट, जीपलाइन, स्काई साइक्लिङ, आधुनिक पिङ, बाल उद्यानलगायत पर्यटकहरु रमाउने र भुल्ने पूर्वाधारहरु बनेका छन्। आउँदो जेठ १५ गते केबलकार सञ्चालनमा आएको दुई वर्ष पूरा हुँदैछ। स्थानीयले सुरु गरेको केबलकार परियोजनामा आइएमइ ग्रुपले नेतृत्व लिएपछि १४ महिनामै निर्माण सम्पन्न भएर सञ्चालनमा आएको हो। करिब २ अर्ब लगानी भइसकेको केबलकारको टप स्टेशनमा क्यासिनो, स्वीमिङ पुल, एक हजार जना क्षमताको बैंक्वेट हलसहितको पाँचतारे होटलमा थप तीन अर्ब लगानी गर्ने कम्पनीको योजना छ। केबलकारले प्रत्येक टिकटको २ प्रतिशत रकम बुटवल उप-महानगर र तिनाउ गाउँपालिकालाई एक-एक प्रतिशतले बाँडफाँट गर्ने गरी छुट्याएर दिँदै आएको छ।

# अन्तर्राष्ट्रिय सेमिनारको ६ बुँदे घोषणा




लुम्बिनी। बौद्ध दर्शन र शिक्षाको प्रसारमा ऐतिहासिक योगदान पुऱ्याउने महान् व्यक्तिहरुको विषयमा अनुसन्धान र प्रवर्धन गर्ने घोषणासहित लुम्बिनीमा जारी 'वान बेल्ड वान रोड' नेपाल-चीन बौद्ध साँस्कृतिक सेमिनार आइतबार सम्पन्न भएको छ।

६ बुँदे संयुक्त घोषणापत्र जारी गर्दै बौद्ध कला र संस्कृतिको गहन अनुसन्धानमा कार्य गर्ने प्रतिबद्धता जनाइएको छ। बुद्धभद्र, अरनिको, भृकुटी, फाहियान, ह्वेनसाङ्ग, मञ्जुश्री बारे अनुसन्धान र प्रवर्धनमा विशेष जोड दिने घोषणा गरिएको हो।

लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा. तिलकराम आचार्य र चीन संस्कृति प्रवर्धन सोसाइटीका उपाध्यक्ष छन् होङ्ग छ्याङ्गले संयुक्त रुपमा घोषणापत्र जारी गरे। प्रधानमन्त्री एवं बौद्ध विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीको सन् २०२४ मा भएको चीन भ्रमणको अवसरमा भएको सम्झौता र धारणा बमोजिम दुई देशको सम्बन्धलाई सुदृढ बनाउने घोषणापत्रमा उल्लेख गरिएको छ।

बौद्ध अध्ययन, पुरातत्व र संस्कृतिको संरक्षणमा प्राज्ञिक अनुसन्धान गर्न लुम्बिनी बौद्ध विश्वविद्यालयमा फासियान ह्वेनसाङ्ग छात्रवृत्ति स्थापना गर्ने घोषणा भएको छ। सो कोषका लागि चिनिया पक्षबाट ३८ लाख हस्तान्तरण समेत भएको हो।

लुम्बिनीको महत्वलाई मध्यनजर गर्दै बौद्ध कुटनीति र पर्यटन विकासमा जोड दिने घोषणा पत्रमा उल्लेख गरिएको छ। प्राचिक बौद्ध सम्पदाहरुको संरक्षण र प्रवर्धनका गर्दै बौद्ध परम्परागत चिकित्सा पद्धतिको विकास र सम्बर्द्धन गर्ने सेमिनारले निचोड निकालेको छ। 'वान बेल्ड वान रोड' को आधारमा बौद्ध कला र संस्कृतिमा गहन शैक्षिक र साँस्कृति आदानप्रदान गर्ने घोषणा समेत गरिएको छ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको आयोजना र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, लुम्बिनी विकास कोष, सारिपुत्र फाउण्डेसन, चीनको वर्ल्ड एलायन्स फर बुद्धिष्ट कल्चरल एक्सचेन्ज लिमिटेड र वीचो पिस क्यालिग्राफी एण्ड पेइनिङ एकेडेमीको सहकार्यमा सेमिनार आयोजना भएको हो।

शनिबार र आइतबार भएको सेमिनारमा ४० वटा कार्यपत्र प्रस्तुत भएका छन्। बौद्ध संस्कृति, चिनियाँ संस्कृति, कला, परम्परागत बौद्ध चिकित्सा तथा बौद्ध शिक्षामा केन्द्रीत रहेर कार्यपत्र प्रस्तुत भएको संयोजक डा. सागर न्यौपानेले जानकारी दिए।

# 'वाइसीएल माओवादीको शक्ति हो'




बुटवल। वाइसीएल नेपाल बुटवल उप-महानगरपालिका समितिको आयोजनामा युवा भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। नेकपा माओवादी केन्द्रको भातृ संगठन वाइसीएल नेपालले आयोजना गरेको कार्यक्रममा बोल्ने वक्ताहरुले माओवादीप्रति पछिल्लो समय जनलहर बढेको दाबी गरेका थिए।

कार्यक्रममा बोल्दै नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र रुपन्देही जिल्ला अध्यक्ष निर्मल जिसिले माओवादीप्रति आम जनताको नजर सकारात्मक रहँदै आएको बताउँदै पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको तराई मधेश जनजागरणसहितको पदयात्राले पार्टीप्रति आकर्षण बढिरहेको दाबी गरे।

वाइसीएल नेपालका केन्द्रीय सचिव माधव बस्नेतले वाइसीएल माओवादीको मात्रै नभइ देशकै युवा शक्ति रहेको दाबी गरे। उनले बिचमा केही समय आराम गरे पनि अहिले सकृय बनेको बताए।

कार्यक्रममा बोल्दै नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र लुम्बिनी प्रदेश कमिटी सदस्य तथा पूर्व प्रदेशसभा सदस्य दीपा बिकले वाइसीएल माओवादीको शक्ति रहेको बताउँदै युवाहरुलाई राजनीतिप्रति टिकाइराख्न आवश्यक रहेकोमा जोड दिइन्।

वाइसीएल नेपाल बुटवल नगर कमिटी अध्यक्ष श्रीजन थापाले वाइसिएल माओवादीको योद्धा रहेको बताउँदै सामाजिक क्रियाशिलताका कार्यहरु गर्दै अगाडि बढ्ने उल्लेख गरेका थिए।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका बुटवल उप-महानगरपालिका इञ्चार्ज पुस्पराज ढकाल (श्रितीज), नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका बुटवल उप-महानगर नगर अध्यक्ष महेन्द्र भुसाल, वाइसीएल रुपन्देही सचिव प्रकाश थापा, वरिष्ठ उपाध्यक्ष रवि खड्का, नवनियुक्त सचिव लक्ष्मण बञ्जाडेलगायतले बोलेका थिए।

सो अवसरमा विभिन्न कारणले रिक्त भएको वाइसिएलका कार्यसमिति मनोनित समेत गरिएको थियो।

सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं

-सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
-सामाजिक सञ्जालमा आउने झुठा वा भ्रामक सूचनाले अवबाह फैलाउन सक्छ।
-सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं।
-सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयो गरौं।
-सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं

-सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
-सामाजिक सञ्जालमा आउने झुठा वा भ्रामक सूचनाले अवबाह फैलाउन सक्छ।
-सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं।
-सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयो गरौं।
-सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com